**निर्णय नं १**

नेपालको संविधानको स्पष्ट व्यवस्था अनुरुप स्थानीय तहलाई प्राप्त अधिकार संकुचित गर्ने, कम्जोर वनाउने संविधानको मर्म र भावनालाई तोडमोड गर्ने सोच र दृष्टिकोण प्रकट भएकोले संवैधानिक व्यवस्था अनुरुप अगाडी बढन सवैको ध्यान आकर्षण गर्दछ ।

**निर्णय नं २**

नेपालको सविंधानले स्थानीय तहलाई अधिकार सम्पन्न गर्ने, श्रोत साधनयुक्त वनाउने दिशामा स्थानीय तहलाई विनियोजित रकम अत्यन्त न्युनतम भएकोले केन्द्रिय सरकारले ५०% रकम सिधै विनियोजन गर्न केन्द्रिय सरकारको ध्यानाकार्षण गर्ने ।

**निर्णय नं ३**

नेपालको संविधानको मर्म र भावना अनुसार स्थानीय तहका कार्यव्यवस्थामा देखिएको कानूनी अस्पष्टता, जटिलता र अन्यौलतालाई तत्काल अन्त्य हुने गरी कानून निर्माण सहितको उचित व्यवस्थापन गर्ने र प्रादेशिक तथा संघिय निर्वाचन तत्काल यथोचित समयमा गर्न नेपाल सरकारको ध्यान आर्कषण गर्ने।

**निर्णय नं ४**

गत आ.व. २०७३।०७४ मा संघीय संरचना पूर्वाधार निर्माण अनुदान तर्फको रु ४८,००,०००।- बाट संचालन गर्ने गरि नगरपालिकाको मिति २०७४।१।६ र २०७४।१।१५ को वैठकवाट स्वीकृत तपशिल वमोजिमका योजनाहरु सोही विनियोजत वजेट बाट यथावत रुपमा सञ्चालन गर्ने ।

**आयोजना बा कार्यक्रमको नाम :- संधिय संरचना पुर्वाधार विकास कार्यक्रम**

**क आय तर्फ**

| क्र.स | वजेट खर्च शिर्षक | वडा न. | कुल वजेट | चालु | पुजीगत |
|---|---|---|---|---|---|
| १ | २६३१२ | | २०००००० | २०००००० | |
| २ | २६३२२ | | ८०००००० | | ८००००० |
| | | | | | |
| | जम्मा | | १०००००००० | २०००००० | ८००००० |

**ख व्यय तर्फ**

| क्र.स | वजेट खर्च शिर्षक | | कुल वजेट | चालु | पुजीगत |
|---|---|---|---|---|---|
| | चालु तर्फ | | | | |
| १ | नगर पालिका कार्यालय संचालन एव औजार उपकरण व्यवस्थापन | | | ८००००० | |
| २ | सवै वडा कार्यालय संचालन सवै वडा कार्यालय औजार उपकरण व्यवस्थापन | | | १२००००० | |

पुंजिगत योजना तर्फ विनियोजन

| | | | | | |
|---|---|---|---|---|---|
| १ | **गणेश टोल सडकमा ढुंगा सोलिङ योजना** | १ | | | २००००० |
| २ | **ट्राफिक चोक देखि बालमन्दिर  शान्तिमार्ग सडक सुधार** | २ | | | २००००० |
| ३ | गोदाम चोक देखि बुद्धचोक सम्मको सडक मर्मत सुधार | ३ | | | १५०००० |
| ४ | कटुजे देखि तातोपानी सम्म सडक मर्मत सुधार | ३ | | | ५०००० |
| ५ | **दारेगौडा दलित बस्ती सडक सुधार विस्तार** | ४ | | | १५०००० |
| ६ | **रंगबेंकटेश्वर लक्ष्मी नारायण मन्दिर खा पा योजना** | ४ | | | ५०००० |
| ७ | फेदी मालिका चनौटे सडक मर्मत सुधार | ५ | | | २००००० |
| ८ | **लमगाउ खेलकुद मैदानमा तारजाली निर्माण** | ६ | | | ७०००० |
| ९ | भगबती बाल विकास पर्खाल निर्माण | ६ | | | ४०००० |
| १० | **भान्सा बुढाधर खानेपानी योजना** | ६ | | | ४०००० |
| ११ | भिलाडखुरी खानेपानी च्याम्वर निर्माण योजना | ६ | | | ५०००० |
| १२ | **नगर चक्रपथ (काभ्रेकालीमकाटी) सडक सुधार** | ७ | | | ६००००० |
| १३ | ओखलढुगा वौडाई चौर सडक मर्मत सुधार | ८ | | | २००००० |
| १४ | **गाम डोही फलाँटे सडक सुधार** | ९ | | | २००००० |
| १५ | दव्लाङ देखि घाटसम्म पैदल मार्ग निर्माण | १० | | | १००००० |
| १६ | **अर्माउदी देखि माथिल्लो वस्तीसम्मको सडक सुधार** | १० | | | १००००० |
| १७ | रामतोला खत्रि गाँउ- इकिन धारा सडक मर्मत सुधार | ११ | | | २००००० |
| १८ | **आरनदेखि  खरदारटोल हुदै भैरवस्थानसम्म सडक सुधार** | १२ | | | २००००० |
| १९ | बास्कोट खर्सेडाडा  पैयुपाटा सडक सुधार | १३ | | | २००००० |
| २० | **कैया लामो पुलको खोल्सादेखि धुरपुलसम्म सुधार** | १४ | | | १२०००० |
| २१ | नेपाने दुर्गा मन्दिरबाट पोलिटेक्निक कलेजसम्म बाटो सोलिङ | १४ | | | ८०००० |
| | **जम्मा** | | | | **३२०००००** |

## आयोजना बा कार्यक्रमको नाम :- संधिय संरचना पुर्वाधार विकास कार्यक्रम

**क आय तर्फ**

| क्र.स | वजेट खर्च शिर्षक | वडा न. | कुल वजेट | चालु | पुजीगत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | २६३२२ | | ४८०००० | | ४८०००० |
| | | | | | |
| | **जम्मा** | | ४८०००० | ० | ४८०००० |

**पुंजिगत योजना तर्फ विनियोजन**

| | | | | | |
|---|---|---|---|---|---|
| १ | **नगर चक्रपथ काभ्रेदेखि कालीमकाटी सडक सुधार** | ७ | | | ३००००० |
| २ | **तिरुपति चोकदेखि ठुलास्वाँरा सडक ढलान** | ४ | | | ६००००० |
| ३ | सानो लंगाउदेखि ठुलो लंगाउसम्मको सडक सुधार | ६ | | | २००००० |
| ४ | **देउराली चोक खहरे सडक ढलान** | ३ | | | २५०००० |
| ५ | गलुवा अर्माउदी फलाँटे रायडाँडा सडक सुधार | १०, ११ | | | ७३०००० |
| ६ | **वाँस्कोट अमलाचौर भैरवस्थान सडक सुधार** | १२,१३ | | | ७००००० |
| ७ | पैंयुपाटा मुसुरावारी सडक सुधार | १३ | | | ४००००० |
| ८ | **मनकामना डिहीडाडा हे पो सिमस्वारा सडक सुधार** | ९ | | | ४००००० |
| ९ | देउराली डाँडा पञ्चासे साँधखोला मालिका सडक सुधार | ५ | | | २००००० |
| १० | **नयाँपुल सिंचाई पाईप खरिद** | १३ | | | १२०००० |
| ११ | लामिचौर खानेपानै योजना | ८ | | | २००००० |
| १२ | पैंयुपाटा रोकापाला खानेपानी योजना | १३ | | | २००००० |
| १३ | ओखलढुगा वौडाई चौर सडक मर्मत सुधार | ८ | | | ५००००० |
| | **जम्मा** | | | | **४८०००००** |

### निर्णय नं ५

वागलुङ नगरपालिका वडा नं १४ मा रहेको वलेवा एयरपोर्ट सञ्चालनका लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार तथा नेपालमा सञ्चालनमा रहेका हवाई कम्पनीहरुसंग समेत आवश्यक समन्वय गरी एयरपोर्ट सञ्चालन गर्न पहल गर्ने ।

### निर्णय नं ६

नगर विकासका योजनाहरु सञ्चालन गर्दा संघ तथा प्रदेशस्तरवाट प्राप्त सशर्त कार्यक्रमहरुको हकमा तोकिए वमोजिम र अन्य स्थानीयस्तरवाट स्वीकृत पुर्वाधार विकास कार्यक्रमको हकमा कम्तीमा २५ प्रतिशत श्रम तथा नगद सहभागिता कायम गर्ने र अत्यन्त गरिव तथा विपन्न वर्गका लागि प्रभावित योजनाको हकमा १० प्रतिशत मात्र श्रम

सहभागिता कायम गरिने छ । जन सहभागिता निर्धारण गर्दा समग्रतामा मात्र नभै योजनामा वा त्यसको कुनै अंशमा मात्र उपभोक्ताको प्रत्यक्ष सहभागिता हुने गरी नगद वा श्रम सहभागिता कायम गरि कार्यान्वयनमा लैजान सकिने ।

**निर्णय नं ७**

नगरको वजार क्षेत्र विभिन्न वस्तीमा रहेका विद्युत हाईटेन्सन लाईनको अध्ययन गरी त्यस्तो लाईनलाई वैकल्पिक व्यवस्था गर्न र वागलुङ नगर क्षेत्रमा रहेका विद्युत ट्रान्सफरमरहरु कम क्षमताका र जिर्ण अवस्थाका रहेकाले पटक पटक विद्युत सर्ट हुने समस्यालाई मध्यनजर गरी ट्रान्सफरमरको क्षमता वृद्धि गर्न विद्युत प्राधिकरण वागलुङ शाखामा लेखि पठाउने ।

**निर्णय नं ८**

नगरको वडा नं १४ कैया नयाँपुलदेखि, भैरवस्थान,मुलावारी, फलाटे, चमेरे गुफा, वौंडेचौर, गाजाको धुरी, धम्जा देउराली, ससारकोट, मालिका कारीकोट पञ्चकोट हुदै बागलुङ बजार कालिका भगवती मन्दिरसम्मको पर्यटकीय पदमार्ग निर्माणको लागि संघीय सरकार समक्ष अनुरोध गर्ने ।

**निर्णय नं. ९**

बागलुङ जिल्ला पाला गा.वि.स.को दान विसौनामा रहेको पैह्रेले बागलुङ नगरपालिका वडा नं ६ को खानेपानी आयोजनाको मुहानलाई प्रतिकुल असर पारेको, वडा नं ७ पैह्रावारीमा पहिरो गै कालीमाटी-पालाकोट गा.वि.स.मा जाने मोटरबाटो लगायत वरपरका बस्तीलाई समेत प्रतिकुल प्रभाव पारेको, वागलुङ नगरपालिका वडा नं ७ भालुमारे डहरे सडकको पैह्रे, वा.न.पा. वडा नं. ३ को देउराली चोक कैलाम पोखरी गदौरी खोल्सा नियन्त्रण गर्ने कार्य वडा नं. २, कोरीको छहरो वडा नं ३ चिप्लेटी र पेन्सन क्याम्प पछाडी ले भिरवाट पानी खस्ने स्थानको पैह्रे रोकथाम गर्ने, वडा नं ११ गानेपाखा पहिरो नियन्त्रण कार्य केन्द्रीय योजनामा समावेश गरि प्राकृतिक प्रकोप नियन्त्रण गरि दिनका लागि संघीय र प्रादेशिक स्तरका सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं. ११**

बागलुङ नगरपालिका वडा नं ४ कुंडुले र पाखाथर, वडा नं ६ लहरेपिपल र वरपरको सवै वस्ती, वडा नं ११ वड्यान हलहले फलामखानी, वडा नं १२ मरेङघाट भैरवस्थान, वडा नं १३ थाउने वगरवाट रोकापाला पाठकथर वडडाँडा दम्का टारी खर्सेडाँडा, लिफ्ट प्रणलीवाट खानेपानी आयोजना सञ्चालन गर्न र वडा नं १४ मा लिफ्ट प्रणालीवाट सिंचाई व्यवस्थित गरी दिन संघीय तथा प्रादेशिक स्तरका सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं १०**

वागलुङ नगरपालिका क्षेत्रको नापी नक्सा अत्यन्त जिर्ण भै कार्यसम्पादनमा कठिनाई उत्पन्न भएकोले पुनः नापी गर्ने व्यवस्थाका लागि नापी विभागमा अनुरोध गर्ने ।

**निर्णय नं ११**

नगर सभावाट स्वीकृत वजेट नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा विभिन्न ब्लकमा राखिएको रकम बाँडफाँड गरी कार्यान्वयनमा लैजाने चालु आ.व. मा संघिय सरकार, प्रादेशिक सरकार तथा अन्य निकायबाट

बजेट तथा कार्यक्रमहरु प्राप्त हुन आएमा सो सम्वन्धमा आवश्यक निर्णय गरी कार्यान्वयनमा लैजाने, प्रचलित कानुन बमोजिम आवश्यकताका आधारमा विनियोजित रकम रकमान्तर गरी कार्यान्वयनमा लैजाने तथा आवश्यक नीतिगत व्यवस्था गर्ने र सेवा प्रवाह तथा विकास निर्माण कार्यहरुलाई प्रभावकारी रुपमा अगाडि बढाउन आवश्यक निर्णय गरी कार्यान्वयनमा लैजान कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने ।

**निर्णय नं.१२**

नगरपालिकाको शहरी तथा ग्रामीण क्षेत्रमा समेत भएको विद्युत वितरण लाईनमा प्रयोग भएका पोलहरु सडक विस्तारको क्रममा सडकको वीचमा पर्न गएका कतिपय पोलहरु जीर्ण अवस्थामा रहेको र कतिपय स्थानमा विद्युत क्षमता भार कम भै विद्युत प्रसारणमा असर पर्न गएको वजारको घना वस्तिका वीचमा रहेको हाईटेन्सन लाईनले जनजीवनलाई प्रतिकुल प्रभाव पारेको पाईएकोले तत्काल सो को अध्ययन गरी विद्युत पोलहरुलाई पुर्नव्यवस्थित गरी विद्युत आपुर्ति व्यवस्था लाई सहज र सरल पारी दिन साथै बागलुङ बजार क्षेत्रभित्र रहेका अव्यवस्थित बिद्युत वितरण लाईनलाई ईन्सुलेटर केवल प्रणालीमा आवद्ध गरि बिद्युत वितरण प्रणालीलाई व्यवस्थित गरिदिन नेपाल बिद्युत प्राधिकरणमा अनुरोध गर्ने ।

**निर्णय नं. १३**

वागलुङ नगर वडा नं ३ राधाकृष्ण चोक देखि रात्माटा, वडा नं ६ भिरलांखुरी गौडाकोट मैदान र वडा नं ७ कारीकोट माझकोट मालिका रांयरांयकोट हुदै संसारकोट सम्मको पर्यटकीय पैदलमार्ग निर्माण र  मालिका मन्दिर जिर्णोद्धार का लागि पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गर्ने ।

**निर्णय नं. १४**

वागलुङ नगरपालिका वडा नं १ मा रहेको प्रशिद्ध ऐतिहाँसिक धार्मिक तिर्थस्थल एवं पर्यटकीय स्थल कालिका भगवती मन्दिर परिसर (१५१ रोपनी क्षेत्रफल) लाई आवश्यक प्रकृया पुरा गरी विश्व सम्पदा सुचिमा समावेश गरी दिन पुरातत्व विभाग काठमाण्डौमा अनुरोध गर्ने ।

**निर्णय नं. १५**

टेलिफोन सेवा नपुगेका नगरका सवै वस्तीहरुमा टेलिफोन सेवा विस्तार गरी दिन नेपाल टेलिकममा अनुरोध गर्ने ।

**निर्णय नं. १६**

२०७२ सालको विनाशकारी भुकम्पका कारण क्षतिग्रस्त घरहरुको पुन निर्माण तथा मर्मत सुधार समेतका लागि यथोचित ऋण सहुलियत उपलव्ध गराई दिन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

**निर्याय नं १७**

वागलुङ नगरपालिका क्षेत्रका आर्थिक तथा सामाजिक विकासका दृष्टिकोणले महत्वपुर्ण देखिएको वृहत्तर वागलुङ नगर चक्रपथ, साविक नगर चक्रपथ, नगरपालिकाले नगरस्तरीय भनी निर्धारण गरेका विभिन्न नगरस्तरीय

योजनाहरु र क्षेत्रीय तथा राष्ट्रिय स्तरमा सञ्चालन हुने वहुवर्षिय आयोजनाहरुका लागि पर्याप्त वजेट विनियोजनको व्यवस्था गरि कार्यान्वयनको व्यवस्था गरि दिन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

**निर्याय नं १८**

नगरको आर्थिक, सामाजिक, पर्यटकीय तथा भौतिक पुर्वाधारको दृष्टिले महत्व राख्ने अन्य विभिन्न मुख्य मुख्य योजना तथा कार्यक्रमहरुका लागि आवश्यक वजेट विनियोजनका लागि प्रादेशिक सरकार समक्ष अनुरोध गर्ने ।

**निर्णय नं. १९**

वागलुङ नगरपालिका क्षेत्रलाई छिमेकी जिल्ला तथा वागलुङ जिल्लाकै कतिपय ग्रामिण ईलाकाहरुसंग सिधा जोड्नका लागि यान्त्रिक तथा सस्पेन्सन वृज आवश्यक देखिएकोले निम्न स्थानमा सस्पेन्सन वृज निर्माण गरि दिन नेपाल सरकार कृषि सडक तथा ग्रामिण पुर्वाधार विकास आयोजनामा अनुरोध गर्ने ।

१. वागलुङ नगरको वडा नं १ वाट कुश्मा नगरको पाङ जोड्ने झोलुंगे पुल निर्माण योजना ।

२. वागलुङ नगरको वडा नं ४ गौरीधामवाट पर्वतको नाग्लीवाङ जोड्ने झोलुंगे पुल निर्माण योजना ।

३. वडा नं ४ भुजेलचौर देखि वेनी न.पा.वडा नं १ को रत्नेचौर जोड्ने झोलुगें  पुल निर्माण योजना ।

४. दम्काको फाँटवाट कुश्मा नगरको छमर्के जोड्ने झोलुंगे पुल निर्माण योजना ।

**निर्णय नं. २०**

"मध्यपहाडी व्यापारिक तथा पर्यटकीय शहर सुन्दर समृद्ध साँकृतिक वागलुङ नगर" भन्ने वागलुङ नगरपालिकाको दिर्घकालिन Vision अनुसार चालु आ.व. मा नगरमा रहेका कालिका भगवती मन्दिर, निरयघाट क्षेत्र, गौरीधाम, कालिगण्डकी कांठेखोला कैलाम पोखरी रंगवेकंटेश्वर मन्दिर भिरलांकुरी गौडाकोट मैदाना पञ्चकोट र मालिका भगवती मन्दिर, कारीकोट, माझकोट, रायँरायँकोट, संसारकोट, रानी भुमे वौडेईचौर, चमेरे गुफा, भकुण्डे फलाँटे, भैरवस्थान क्षेत्र लगायतका धार्मिक तथा भौगोलिक क्षेत्रहरु, नदि र खोलानालाहरु समेतको पर्यटकीय महत्व निर्धारण गरी तिनको जिर्णोद्धार गर्ने, महत्वका आधारमा नयाँ संरचना निर्माण गर्ने र प्राकृतिक  सुन्दरतामा थप सुन्दरताका आधारहरु श्रृजना गर्नेगरी तिनको समुचित उपयोगिताको आधारमा दिर्घकालिन पर्यटकीय गुरुयोजना निर्माण गरी नगर क्षेत्रलाई व्यापारिक तथा पर्यटकीय गन्तव्यस्थलको रुपमा विकास गर्दै लैजाने ।

**निर्णय नं. २१**

वागलुङ नगरको रामरेखा खेल मैदानमा सुविधा सम्पन्न स्टेडियम सहितको धौलागिरीस्तरीय आधुनिक खेलमैदान निर्माण योजना सञ्चालन गरि दिन नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयमा अनुरोध गर्ने ।

**निर्णय नं. २२**

वडा नं ११ रायडाडा र वडा नं ९ अड्ड्याँडा तित्याङमा रहेको फलाम र तामा खानीको सम्भाव्यता अध्ययन गरी सम्भाव्यताका आधारमा खानी सञ्चालन गर्ने ।

**निर्णय नं २३**

नगरको वलेवा क्षेत्रका जनताहरु स्वास्थ्य सेवाको पहुंच भन्दा टाढा रहेको अवस्थालाई मध्ये नजर गरी वलेवा क्षेत्रका जनताहरुलाई पायक पर्ने उपयुक्त स्थानमा प्राथमिक स्वास्थ्य केन्द्र स्थापनाका लागि नेपाल सरकार स्वास्थ्य मन्त्रालयमा अनुरोध गर्ने ।

**निर्णय नं २४**

नगरको वजार क्षेत्र भित्र जडान गरिएका सि.सि.क्यामराहरुको प्रभावकारीताको मुल्यांकन गरी जिल्ला प्रहरी र वागलुङ उद्योग वाणिज्य संघसंगको सहकार्यमा मौजुदा क्यामराहरुको यथोचित व्यवस्थापन र अन्य आवश्यक स्थानहरुमा सि.सि.क्यामराहरुको जडान गरी वजार तथा व्उवसायिक सुरक्षा र अपराध नियन्त्रण कार्यलाई अझ प्रभावकारी वनाउने ।

**निर्णय नं. २५**

समाजको सामाजिक तथा शैक्षिक क्षेत्रका अग्रज व्यक्तित्ववागलुङ नगरपालिका निवासी स्व. विरशाली पन्त र स्व.भगत सर्वजित विश्वकर्माप्रति उच्च सम्मान व्यक्त गर्दै वाँहाहरुको सम्मानमा **"विरशाली, भगत समाज विकास प्रतिष्ठान"** को स्थापना गरि दिन नेपाल सरकार समक्ष अनुरोध गर्ने ।

**निर्णय नं २६**

नेपाल पत्रकार महासंघ वागलुङ शाखाको भवन निर्माणका लागि रकम विनियोजन गरिदिन नेपाल सरकार अर्थ मन्त्रालय र सूचना तथा सञ्चार मन्त्रालयमा अनुरोध गर्ने ।